जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २२१ २०८० साल चैत २४ गते शनिबार (6 Apr. 2024 Saturday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : मधेसको दुष्कीर्ति बालविवाह. ३ पृष्ठमा : लैङ्गिक हिंसासम्बन्धी दीर्घकालीन. ३ पृष्ठमा : एआईले विश्वव्यापी साइबर...

## संघीयता र गणतन्त्रमाथी चौतर्फी आक्रमण : जसपा अध्यक्ष यादव



**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत ।**

उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रीले उपेन्द्र यादवले संघीयता र गणतन्त्रमाथी अहिले चौतर्फी आक्रमण भइरहेकोले सम्पूर्ण परिवर्तनकारी शक्ति एकजुट भएर अघि बढ्नु पर्ने आजको आवश्यकता रहेको बताएका छन् ।

जनता समाजवादी पार्टीको जिल्ला समितिले शुक्रबार उनकै सम्मानमा आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष समेत रहेका मन्त्री यादवले संघीयता र गणतन्त्रमाथी अझै खतरा रहेको भन्दै यसलाई जोगाउनका लागि एकताबद्ध भई लाग्नु पर्नेमा जोड समेत दिए ।

विभिन्न चरणका आन्दोलनको फलस्वरुप संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको र नयाँ संविधान बनेपनि यसमा रहेका त्रृटीलाई सच्याउन जरुरी रहेको भन्दै उनले यसो भएमात्र मधेशी, दलित, महिला, मुश्लिम, थारु, सीमान्तकृत लगायत समुदायका असन्तुष्टिकटहरु हट्ने बताए ।

संघीयता लागू भएपनि प्रदेशको सीमाकंनमा त्रुटी रहेको भन्दै संविधान संशोधनद्वारा त्यसलाई सच्याउन आवश्यक रहेको उनकोभनाई थियो । विगतमाा सरकारद्वारा गठित राज्य पूनरसंरचना आयोगको प्रतिवेदनका आधारमा प्रदेशको सिमांकन तय गरिनुपर्ने उनको सुझाव थियो ।

जसपा सप्तरीका अध्यक्ष केदार यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रतिनिधिसभा सदस्य रन्जु ठाकुर, प्रदेश सांसद किरण कुमारी साह, अनिरुद्ध प्रसाद सिंह यादव, मधेश प्रदेशका पूर्व अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह लगायतले पनि शुभकामना दिएका थिए ।

## तीन बुँदे सहमती पछि पूर्वाधारका कर्मचारी काममा फर्किए

**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत ।**

तीन बुँदे सहमतिपछि आन्दोलनरत पूर्वाधार विकास कार्यालय सप्तरीका कर्मचारीहरु पाँच दिनपछि शुक्रबार काममा फर्किएका छन् ।

कार्यालय प्रमुखमाथी प्रदेश सांसद सहितको टोलीद्वारा दुर्व्यवहार भएको भन्दै उनीहरु आन्दोलित भएका थिए ।

प्रमुख जिल्ला अधिकारी किरण थापाको अध्यक्षतामा बसेको बैठकमा दुई पक्षबीचमा भएको लिखित प्रतिबद्धता पश्चात् कर्मचारीहरु कार्यालय संचालनका लागी काममा फर्केका हुन् ।

तीन बुँदे लिखित प्रतिबद्धतामा पूर्वाधार विकास कार्यालय सप्तरीले पालिका तथा वडामा रहेको योजनाहरु मापदण्डमा रही सम्बन्धित पालिकासँग समन्वय गरी ऐन, कानून निर्देशिका बमोजिम कार्य गर्ने, कार्यालयले जिल्लामा हुने विकास निर्माण कार्यमा पारदर्शिता कायम राख्दै सरोकारवाला पक्षहरुसँग समान व्यवहार गरी कार्य गर्ने उल्लेख छ ।

यस्तै गत चैत्र १८ गते कार्यालय प्रमुख र सांसद टोलीबीच भएको घट्नाबाट उत्पन्न असमझदारी र कर्मचारी आन्दोलित भएकोमा जनमत पार्टीका तर्फबाट दुःख व्यक्त गर्दै अगामी दिनमा यस्ता क्रियाकलाप प्रति सचेत रहने प्रतिबद्धता व्यक्त गरिएको बैठकमा सहभागी जनमत पार्टीका जिल्ला इन्चार्ज

*बाँकी अन्तिम पृष्ठमा*

## अस्पतालको अवस्था कठिन भएपनि आउँदो दिन सुधार हुने : मन्त्री यादव

**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत ।**

उपप्रप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवले राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालको हाल अवस्था कठिन भएपनि आउँदो दिन सुधार हुने विश्वास ब्यक्त गरेका छन् ।

शुक्रबार सो अस्पतालको निरिक्षण गर्ने क्रममा संचारकर्मीहरुलाई प्रतिक्रिया दिँदै उनले यस्तो विश्वास व्यक्त गरेका हुन् ।

"अस्पतालमा अलिक कठिनाईको अवस्था भएपनि डाक्टरहरुले बिरामीलाई उपचार सेवा दिइराखेका छन् तर प्राविधिक, डाक्टहरु र उपकरणहरुको अझ धेरै आवश्यकता छ, उनले भने, "नयाँ भवन निर्माणको अन्तिम अवस्थामा रहेको छ, त्यो हस्तान्तरण भएपछि ती सबै समस्या समाधान हुने छ ।"

जसपा नेपालका अध्यक्ष समेत रहेका मन्त्री यादवले जनशक्ति, डाक्टर, उपकरण र भौतिक अवस्थाको अभाव रहेको यस अस्पतालको भौतिक संरचना हस्तान्तरण भएपछि स्वास्थ्य कै केन्द्र बिन्दुको रुपमा विकास गर्ने लक्ष्य रहेको बताए ।

## सुनसरीका पाँच गाउँपालिकामा कर्फ्यु

**दैनिक समाचारदाता**
**सुनसरी, २३ चैत ।**

जिल्ला प्रशासन कार्यालय सुनसरीले विभिन्न पाँच स्थानीय तहमा शुक्रबार कर्फ्यू आदेश जारी गरेको छ ।

प्रमुख जिल्ला अधिकारी वेदराज फुयालद्वारा जारी सूचनामा इनरुवा नगरपालिका, हरिनगर, देवागञ्ज, झोक्राहा नरसिंह र कोशी गाउँपालिकामा शुक्रबार अपराह्न ५ बजेदेखि लागू हुने गरी कर्फ्यू आदेश जारी भएको जनाइएको छ ।

कार्यालयले जारी गरेको

*बाँकी अन्तिम पृष्ठमा*


## आवश्यकता

यस पि.पि.आर. कम्पनी प्रा.लि. का लागि सप्तरी वरिपरीका क्षेत्रमा सक्रिय एवं योग्य Medical Represntative कर्मचारीहरुको आवश्यकता भएकोले ईच्छुक महिला वा पुरुषले आ-आफ्नो सबै शैक्षिक प्रमाणपत्रहरु सहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस संस्थाको शाखा कार्यालय जनकपुरधाम हस्पिटल रोडमा सम्पर्क राख्न यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक योग्यता**

- विज्ञान विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तिर्ण गरेको ।
- मोटरसाइकल चालक अनुमतिपत्र (लाइसेन्स) भएको ।
- सम्बन्धित क्षेत्रको ज्ञान तथा अनुभविलाई बढी ग्राहयता दिइने छ ।

***नोट :***

- मेडिकल क्षेत्रका HA, Nursing, Pharmacy आदि उत्तिर्ण गरेका उम्मेदवारहरुले पनि निवेदन दिन सक्नेछन् ।
- तलब तथा अन्य सुविधाहरु आपसी समझदारीमा तय गरिनेछ ।

**सम्पर्क**
**शाखा कार्यालय जनकपुरधाम**
**हस्पिटल रोड**
**मो. नं. ९८१७८८१८९०**



**डढेलोबाट बचौं र बचाऔं ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा हेलचक्राई नगरौं

यतिबेला विभिन्न कार्यालयहरुमा वर्षभरी भएका कामहरु बाहेक काम गर्न बाकी रहेका योजना तथा विकासीय कार्यहरुलाई सम्पन्न गर्न गराउन जोडतोडले लागिपरिएको छ । असारमसान्त सम्मका आ-आफ्ना कार्यालयहरुमा गर्न बाँकी रहेका ती कार्यहरुलाई कुशलतापूर्वक सम्पन्न गर्न कर्मचारीहरु लागिपरेका छन् । यसबाहेक विकासीय कार्यहरु पनि आउँदो तीन महिनाभित्रै सम्पन्न गर्नु पर्ने बाध्यता रहेको छ । विकासीय कार्यका लागि बजेट भने बिनियोजन भई सम्बन्धीत कार्यालयहरुमा आइसकेको छ । र सोही बमोजिम विभिन्न उपभोक्ता, टेन्डर, कोटेशन, इबिडिङ लगायतका माध्यमबाट ती कार्यहरु गराउनु पर्ने हुन्छ । जसका लागि अहिले विकासीय कार्यको योजना लिन तछाडमछार भइरहेको छ ।

स्थानिय स्तरमा विकासले धेरै महत्व राख्छ । तर, विकासीय कार्यमा राम्रो भन्दा पनि हाम्रो भन्ने परिपाटीले जडो गाडेको अवस्थामा ती कार्य गुणस्तर हुन्छ भन्ने कुरामा कता कता शंका समेत उत्पन्न हुन्छ । यसका लागि सम्बन्धीत निकायले कार्यहरु सम्पन्न गराउनका लागि निकै ध्यानपूर्वक र जिम्मेवारीका साथ लाग्नु पर्ने अवस्था छ । विकासीय कार्य यस्तो कार्य हो जसले जनतासँग सिधै सरोकार राख्दछ । ती कार्यमा हेलचक्राई गरियो भने जनताका साथ साथै अन्य निकायले पनि चासो देखाइरहेको हुन्छ ।

तसर्थ यस्ता कार्यहरु गर्दा जिम्मेवारीपूर्वक, जवाफदेहिता र इमान्दारिताका साथ गर्न तर्फ ध्यान दिनु अति आवश्यक छ । जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषय भएकोले भविष्यमा यसले ठूलो क्षति पुऱ्याउने कुरामा दुई मत नहोला ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# मधेसको दुष्कीर्ति बालविवाह रोक्ने सामूहिक प्रतिबद्धता

महोत्तरी, २३ चैत (रासस) ।

देशका अन्य भागको तुलनमा मधेसको चुनौती बनेको बालविवाह र दहेजजस्ता सामाजिक विकृति अन्त्य गर्न सरोकारवालाहरूले सामूहिक रूपमा प्रतिबद्धता जनाएका छन् ।

बर्दिबासमा बिहीबार सम्पन्न 'बालविवाह अन्त्यका लागि धार्मिक गुरुहरूको भूमिका' विषयमा भएको छलफलका सहभागीले आआफ्ना ठाउँमा बाल विवाहलाई हुन नदिन नेतृत्वदायी भूमिका निर्वाह गर्ने सामूहिक प्रतिबद्धता जनाएका हुन् । मधसी आयोग नेपालले प्लान इण्टरनेशनलसँगको सहकार्यमा भएको उक्त छलफलमा मधेस प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलसहितका सहभागीले प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नुभएको छ ।

"हामी आफ्नो प्रयत्नबाट बालविवाह र दहेजजस्ता सामाजिक कुरीति अन्त्य गर्न सामूहिक प्रतिबद्धता व्यक्त गर्दछौं" प्रतिबद्धतापत्रमा भनिएको छ । प्रतिबद्धतापत्रमा सभामुख मण्डल, मधेसी आयोगका अध्यक्ष डा. विजयकुमार दत्त, सदस्य जीवछ साह, आयोगका सचिव वसन्त अधिकारी र कार्यक्रममा सहभागी हिन्दू, इस्लाम तथा बौद्धगुरु, सञ्चारकर्मी र सामाजिक अगुवाहरूले हस्ताक्षर गर्नुभएको छ ।

कार्यक्रममा सभामुख मण्डलले बालविवाह र दहेज अपराधमात्र नभएर मधेसको कलङ्क भएकाले यसलाई रोक्न समाजका सबै वर्गले अभियान नै सञ्चालन गर्नपर्ने बताउनुभयो । मुलुकको कानुनले २० वर्ष उमेर पूरा नभइ गरिने विवाह दण्डनीय अपराध भएको उल्लेख गरेपनि मधेसमा उमेर नपुगी विवाह गर्ने ७५ प्रतिशतभन्दा बढी देखिएको राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क उद्धृत गर्दै सभामुख मण्डलले बताउनुभयो ।

मधेस प्रदेशका आठवटै जिल्लाका विभिन्न धर्म, सम्प्रदायका गुरु, मानवअधिकारकर्मी, सामाजिक अभियन्ता र सञ्चारकर्मीको सहभागितामा भएका कार्यक्रममा बालविवाह र दहेजले कैयन सामाजिक अपराध र पारिवारिक विग्रह बढाएको सहभागीले बताएका छन् । कार्यक्रममा इस्लाम धर्मगुरु रौतहटको गरुडाका इस्लाम धर्म परम्पराका मोल्वी (पुरोहित, शिक्षक) हदिस मियाँले पवित्र कुरानमा उमेर परिपक्व नभइ विवाह गर्न स्वीकृति नदिइएको बताउनुभयो । "उमेर यति नै भन्ने उल्लेख नभए पनि हाम्रो धर्मग्रन्थमा विवाहका लागि शारीरिक एवं मानसिक रुपमा यो सम्बन्ध बुझ्न सक्ने भएपछि नै गर्नपर्ने भनिन्छ" मियाँ भन्नुहुन्छ, "यो विषयमा मुलुकको कानुनले गरेको व्यवस्थाको पालनामा सबै धर्मज्ञहरूले जोड दिएका छन् ।" दहेजले नारी हत्या, भ्रुण हत्या र आर्थिक सङ्कटजस्ता घटना बढाएको वास्तविकता मियाँले सुनाउनुभयो ।

जानकी मन्दिरका महन्थ रामरोशन दास वैष्णवले रामायणकालमा मधेस नारी शक्तिको पूजक भएको उल्लेख गर्दै पछिपछि भने सामाजिक विकृति बढ्दै पितृसत्ता थोपरिदै जाँदा बालविवाह बढेको र त्यसले नारी बढी पीडित भएका बताउनुभयो । यो अवस्था अन्त्यका लागि मुलुकको कानुनले निर्दिष्ट गरेका विषयलाई राज्यका निकाय र सामाजिक सङ्घ संस्थाले सजाय र पुरस्कारको व्यवस्था कार्यान्वयनमा उहाँले जोड दिनुभयो ।

यसैगरी बौद्ध धर्मका जानकार कमला वाइबाले बालविवाह निर्मूल गर्न मुख्यतः राज्यका निकायको भूमिका प्रभावकारी हुनपर्ने बताउनुभयो ।

आयोगका अध्यक्ष डा. दत्त र सदस्य साहले आयोगले मधेसको दुष्कीर्ति बालविवाह रोक्न सरोकारवालाहरूसँग सहकार्य बढाउँदै सचेतना र कानुन कार्यान्वयनलाई केन्द्रमा राखेर काम गर्दै आएको बताउनुभयो ।

प्लान इण्टरनेशनलका कार्यक्रम अधिकृत काजल झाले मधेसमा बालविवाह र दहेजको अवस्थासम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

विक्रम सम्वत् २०७८ को राष्ट्रिय जनगणनाले मधेसमा उमेर नपुगी विवाह गर्ने ७५ प्रतिशतभन्दा बढी देखाएको छ । राष्ट्रिय जनगणनामा प्रस्तुत तथ्याङ्कअनुसार १८ वर्षदेखि २० वर्ष पूरा हुनुअघि विवाह गर्ने ३९ दशमलव पाँच प्रतिशत छन् । यसमा ४२ प्रतिशत पुरुष र ३७ प्रतिशत महिला छन् । यसैगरी १५ देखि १७ वर्ष उमेर समूहका २७ दशमलव सात प्रतिशत, १० देखि १४ उमेर समूहका नौ दशमलव तीन प्रतिशत र १० वर्ष मुनिका शून्य दशमलव दुई प्रतिशत छन् ।

# हुलाकी राजमार्ग : समय र लागत दुवै बढ्यो

काठमाडौं, २३ चैत (रासस) ।

सरकारले राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेका कतिपय आयोजनाको प्रगति निराशाजनक रहेको पाइएको छ । साधन र स्रोतको अभाव नहुने बताइए पनि तराई-मधेसको मेरुदण्ड मानिएको हुलाकी राजमार्ग विस्तारको कामले अपेक्षित गति लिन सकेको छैन ।

निर्माण व्यवसायीको कमजोर कार्यसम्पादन, निर्माण सामग्रीको अभाव, स्थानीयवासीको अवरोध जस्ता कारणले आयोजनाको गति बढनसकेको छैन । सङ्घीय संसद्को सार्वजनिक लेखा समितिको बिहीबारको बैठकमा सोही आयोजनाका बारेमा छलफल भएको थियो । हुलाकी सडक आयोजनाका प्रमुख अजयकुमार मुलका अनुसार कूल भौतिक प्रगति ६५ प्रतिशत बराबर छ । आर्थिक वर्ष २०६६/६७ मा सुरु भएको सो आयोजनाको म्याद पटक-पटक थप भएको छ ।

पछिल्लो पटक थप भएको म्याद अनुसार आव २०८३/८४ मा मात्रै सो आयोजना पूर्णरुपमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । आयोजना सुरु गर्दा रु ६५ अर्बमा सम्पन्न गर्ने लक्ष्य राखिएको भए पनि आयोजनाको लागत र समय बढ्दै जाँदा रु एक खर्ब ९३ अर्ब बराबर पुगेको छ । आयोजनामा देखिएका समस्या समाधानका गरिएका पहलसमेत सार्थक बन्न सकेको छैन ।

आयोजनाको अन्य क्षेत्रमा काम भए पनि चितवन, नवलपरासी, दाङ, बाँकेलगायतका जिल्लाका वन क्षेत्रमा उत्पन्न समस्या समाधान हुन सकेको छैन । तराई-मधेशको समृद्धिसँग जोडिएको आयोजनामा अपेक्षित प्रगति नभएको र स्रोतको सहज उपलब्धता हुन नसकेको विषयमा बिहीबारको बैठकमा छलफल भएको समितिका सभापति ऋषिकेश पोखरेलले जानकारी दिनुभयो । आयोजना सम्पन्न भएपछि एक हजार आठ सय ५७ किलोमिटर सडक निर्माण हुनेछ ।

यस्तै, दुई सय ५० पुल पनि निर्माण भएका छन् । हालसम्म झण्डै एक हजार दुई सय ४३ किलोमिटर सडक कालोपत्र भएको छ । तराई-मधेशका २१ जिल्ला जोड्ने लक्ष्यका साथ सुरु भएको आयोजनालाई कार्यतालिका अनुसार अगाडि बढाउने लक्ष्य राखिएको भए पनि पूरा हुनसकेको छैन ।

समितिले आयोजनाको हालसम्मको सम्मको भौतिक प्रगति र स्रोतको विनियोजनकाबारे अर्थमन्त्रालयसँग जवाफ माग्ने निर्णय गरेको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**बोदेबरसाइन नगरपालिका, सप्तरी**

# लैङ्गिक हिंसासम्बन्धी दीर्घकालीन रणनीति निर्माण गर्न महिला मन्त्रालयलाई निर्देशन

काठमाडौँ, २३ चैत (रासस)।

महिला तथा सामाजिक मामिला समितिको बिहीबार बसेको बैठकले संयुक्त राष्ट्र सङ्घीय महिलाविरुद्ध हुने भेद्भाव उन्मूलन समिति (युएन सिड कमिटी) को मुद्दाहरुको सूची तथा उक्त दस्तावेजमा उठाएको लैङ्गिक हिंसा र मानव बेचबिखनसम्बन्धी छाता कानुन र दीर्घकालीन रणनीति निर्माण सम्बन्धमा आवश्यक पहल गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई निर्देशन दिएको छ।

नेपालको सातौँ आवधिक प्रतिवेदनमाथि दिएको मुद्दाहरुको सूचीले उठाएका विषयका सम्बन्धमा सकारात्मक पहल र आवश्यक छलफल गर्न मन्त्रालयलाई निर्देशन दिनुकासाथै तोकिएको समयावधिभित्रै लिखित जवाफ पठाउन बैठकले निर्देशन दिएको हो। साथै 'पालेर्मो प्रोटोकल' को कार्यान्वयन विस्तृत कार्य योजना गर्न तयार गर्न र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ मा परिभाषालगायत पालेर्मो प्रोटोकल अनुसार आवश्यक संशोधन गर्ने विधेयक यथाशीघ्र संसद् पेस गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई निर्देशनसमेत दिइएको छ।

बैठकमा बोल्दै मन्त्री भगवती चौधरीले आएका सुझावलाई मनन गरिने बताउनुभयो। उहाँले भन्नुभयो-"लैङ्गिक हिंसा र मानव बेचबिखनविरुद्ध थुप्रै नीति छन्। केही थप गर्नुपर्नेछ त केही परिमार्जन गर्नुपर्नेछ। यसमा काम भइरहेको छ।" बैठकमा सांसदहरुले हिंसालाई वर्गीकरण गर्नुपर्ने, हिंसालाई दर्ता गरिनुपर्ने, हिंसाविरुद्धका नीति कार्यन्वयनमा ल्याउनुपर्ने, हिंसापीडितलाई मनोसामाजिक परामर्शमा जोड दिनुपर्ने लगायतका सुझाव व्यक्त गर्नुभएको थियो।

राष्ट्रिय प्रजातन्त्र पार्टीकी सांसद रोशन कार्कीले घरेलु हिंसा बढी देखिएको भन्दै यसका पीडितलाई उचित न्याय कसरी दिने र पुनःस्थापना तथा आवासको राम्रो व्यवस्था मिलाउन सुझाव दिनुभयो। बैठकमा नेकपा (एमाले) का सांसद ईश्वरबहादुर रिजालले आर्थिक वञ्चितिकरणभन्दा ठूलो हिंसा अरु केही नहुने धारणा राख्नुभयो। उहाँले भन्नुभयो-"आर्थिक रुपले सबल नभएसम्म महिलाले हिंसा भोग्नु नै परेको हुन्छ। कानुन छन् तर सामाजिक कानुन पनि छन् जसले धेरै विभेद निम्त्याएको छ।" सोही पार्टीकी सांसद हर्कमाया विश्वकर्माले दलित महिलाले झन् बढी हिंसा खेप्नुपरेको बताउनुभयो। उहाँले भन्नुभयो-"पुरुषको हिंसा बाहिर आउन पाउँदैन। बालबालिका बढी शोषित भएका छन्। यसविरुद्ध नीति छन् तर कार्यान्वयनमा आउनुपर्‍यो।"

मन्त्रालयका सचिव सुमनराज अर्यालले मानव बेचबिखनसम्बन्धी र लैङ्गिक हिंसासम्बन्धी विषयमा काम भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो-"मर्यादित महिनावारीसम्बन्धी निर्देशिका ल्याउन लागिएको छ। त्यसैगरी मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति मस्यौदाबारे छलफल भइरहेको छ।"

बैठकमा महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) का कार्यकारी निर्देशक सविन श्रेष्ठले युएन कमिटिको मुद्दाबारे प्रस्तुतीकरण गर्नुभएको थियो। मन्त्रालयका विज्ञ समूहका सदस्यसमेत रहनुभएका उहाँले भन्नुभयो-"कमिटीमा अरु पनि थुप्रै मुद्दा छन्। युएनले उठाएका भने दुई विषय छन्। यससम्बन्धी आवश्यक पहल आवश्यक छ। जसलाई ९० दिनमा सुझाव दिइसक्नुपर्नेछ।"

# चतराधाममा एकमहिने महाकुम्भ मेलाको तयारी पूरा

सुन्दरहरैँचा, २३ चैत (रासस)।

सुनसरीको बराहक्षेत्र नगरपालिकास्थित प्राचीन हरिद्वार चतराधाम कुम्भनगरीमा आयोजना हुने लागेको बाह्रवर्षे पिण्डेश्वर पूर्ण महाकुम्भ मेलाको तयारी पूरा भएको छ।

धार्मिकस्थल चतराधाममा यही चैत २७ देखि आगामी वैशाख २८ गतेसम्म सञ्चालन हुने सो महाकुम्भ मेलामा एक करोडभन्दा बढी भक्तजनको सहभागिता रहने अनुमान गरिएकाले उनीहरूको व्यवस्थापन र सुरक्षाको राम्रो प्रबन्ध गरिएको छ मेला मूल आयोजक समितिले जनाएको छ।

धार्मिक परम्परा तथा तीर्थाटनका हिसाबले महत्वपूर्ण रहेको सो महाकुम्भ मेलामा धेरैजसो नेपाल र भारतका भक्तजन सहभागी हुने भएका छन्। आध्यात्मिक हिसाबले अत्यन्त महत्वपूर्ण मानिएको सुनसरी बराहक्षेत्रको प्राचीन हरिद्वारा चतराधाममा हरेक १२ वर्षमा एकमहिने पूर्णमहाकुम्भ मेला लाग्ने गरेको छ।

पहिले भारतमा यो कुम्भमेला लाग्दै आएकामा नेपालका प्रथम जगद्गुरु बालसन्त मोहनशरण देवाचार्यको पहल र परिकल्पनामा विसं २०५९ देखि नेपालमै यो सुरु भएको हो। पुराणमा उल्लेख भएअनुसारको स्थान चतराधाममा हरेक १२ वर्षमा यो महाकुम्भ मेलाको आयोजना हुने गरेको छ।

जगद्गुरु बालसन्त मोहनशरण देवाचार्यले कुम्भ मेलाबाट नेपाल र नेपालीबीचको एकता तथा धार्मिक सद्भावको विकास एवं अभिवृद्धि हुने हुँदा देश-विदेशबाट कुम्भमेलाको दर्शनका लागि चतरा आउने भएकाले पनि यसको महत्व बढ्दै गएको उल्लेख गर्नुभयो। हिन्दू वैदिक सनातन धर्ममा अति पवित्र र पुण्यभूमिका रूपमा उल्लेख भएको यस चतराधाममा आयोजित यस महाकुम्भमा सहभागी भएर अधिक पुण्य कमाउन स्वदेश तथा विदेशका सबै नागरिकलाई उहाँले आह्वान पनि गर्नुभयो।

कुम्भमेलामा कोटिहोम, वेद पुराण पाठपरायण, आफ्ना इष्टदेवताहरूको पूजन तथा यजन गर्ने, निराहार बसी ब्रत गर्ने र महाकुम्भवमा स्नान गर्ने आदि गरिन्छ। यस महान अनुष्ठान एवं मेलामा स्वदेश तथा विदेशका जगद्गुरु, शङ्कराचार्य, धर्माचार्यको सहभागिता र उहाँहरूको प्रवचन, भजनकीर्तन, शास्त्रार्थ सम्मेलनलगायत महास्नान हुने गर्दछ।

बाह्रकुम्भमध्ये नेपाललगायत भारतका प्रयाग, नासिक, उज्जैन र हरिद्वारमा कुम्भमेला लाग्ने गर्दछ। यसले हाम्रो देशमा छायाँमा पर्दै गएको धर्म, संस्कार र संस्कृतिको पुनःउत्थान गरेको छ भन्नुहुन्छ जगद्गुरु बालसन्त मोहनशरण देवाचार्य।

अघि समुद्र मन्थनजस्तो साहै कठिन कार्य शुभारम्भ भयो, त्यसबेला अमृतको सट्टा हलाहल विष निस्कियो। त्यस्तो बिघ्न बाधा आउँदा पनि त्यसबाट पछि नहटी डटिरहँदा कार्य सफल भई अमृतको घडा उत्पत्ति भएपछि त्यही अमृत सही व्यक्ति र क्षेत्रमा सर्वप्रथम स्थापित भएको आधारमा चताराधाममा महाकुम्भ महोत्सवको आयोजना गर्ने गरिएकाले यसको धेरै ठूलो धार्मिक एवं शास्त्रीय विधि र मान्यता रहेको जगद्गुरु देवाचार्य बताउनुहुन्छ।

नेपालको वैदिक सनातन धर्मको संरक्षण र सम्वर्द्धनका साथै नेपाल र नेपालीको छुट्टै पहिचान कायम गर्न र नेपालका पवित्र तीर्थस्थलहरूको थप प्रचारप्रसार गरी तिनको उजागर गर्न यस महाकुम्भ मेलाको ठूलो महत्व रहेको उहाँको भनाई छ। त्यसैले १२ बर्षमा मात्र आयोजना हुने यस महान अभियान तथा अनुष्ठनमा सहभागी भई पुण्य कमाउन उहाँले सबैसँग आग्रह गर्नुभयो।

यहाँ प्रत्येक छ वर्षमा कुम्भमेला र १२ वर्षमा पूर्णमहाकुम्भ मेला लाग्ने गरेको

***बाँकी अन्तिम पृष्ठमा***


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**बलानबिहुल गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### एआईले विश्वव्यापी साइबर अपराध बढाउने

बर्लिन, २३ चैत (रासस/सिन्ह्वा)।

विश्वको सबैभन्दा ठूलो पुनर्बीमा जर्मन कम्पनी 'म्युनिख रेले' प्रविधिको तीव्र विकास, विशेष गरी आर्टिफिसियल इन्टेलिजेन्सका कारण बढ्दो साइबर जोखिमको बारेमा चिन्ता व्यक्त गरेको छ। बिहीबार प्रकाशित गरेको पुनर्बीमा कम्पनील आफ्नो प्रतिवेदनमा गत महिनामा "साइबर अपराधमा वृद्धि भएको र यसमा रेन्समवेयर (रेन्समवेयर यस्तो साइबर हमला हो जहाँ भाइरस भएको सपट्वेयर इन्टरनेटको माध्यमबाट पठाइन्छ) ले भूमिका खेलेको छ। गत वर्ष मात्रै अघिल्लो तीन वर्षको तुलनामा दोब्बर साइबर अपराध आक्रमण भएको थियो।

डाटा प्लेटफर्मले स्टाटिस्टा ( यो तथ्याङ्क को एक व्यापक संग्रह संगै एक वैश्विक डाटाको खुफिया प्लेटफर्म हो) ले अनुमान गरेका अनुसार साइबर अपराधको वार्षिक विश्वव्यापी लागत ८.१५ ट्रिलियन अमेरिकी डलरबाट १३.८ ट्रिलियन अमेरिकी डलरमा बढ्न सक्ने भनेको छ। साइबर अपराधीले एआईद्वारा संचालित फिसिङ इ-मेलहरू र कलहरू पीडितहरूलाई धोका दिन प्रयोग गर्न सक्नेम्युनिख रे विशेषज्ञ(ईन्जिनियरिङ, डेटा विज्ञान, बैंकिङ, कानून र मौसम विज्ञान जस्ता विविध पृष्ठभूमिका विशेषज्ञहरूको समूह) ले चेतावनी दिएका छन्।

एआइ कथित भ्वाइस इन्जिनले रेकर्ड गरिएको अडियोको मात्र १५ सेकेन्ड प्रयोग गरेर कुनै पनि मानव आवाजको आवाज उत्पन्न गर्न सक्ने र त्यो सामान्य रिलीजको लागि धेरै जोखिमपूर्ण मानिएको म्युनिख रे विशेषज्ञले जानकारी दिनुभयो। यद्यपि एआईले साइबर डिफेन्डरहरूको प्रयासलाई पनि बढाउँदै लैजाने भनेका छन्। साइबर बीमा विगत एक दशकमा साइबर जोखिम व्यवस्थापनको अत्यावश्यक अंग बनेको छ। विगत पाँच वर्षमा साइबर बीमा बजारको आकार झण्डै तीन गुणा बढेको र सन् २०२७ सम्ममा दोब्बर हुने (करिब २९ अर्ब अमेरिकी डलर) पुग्ने अपेक्षा गरिएको छ। साइबर युद्धबाट हुने क्षति निजी क्षेत्रले वहन गर्न नसक्ने म्युनिख रेका साइबर विशेषज्ञ जुर्गेन रेनहार्टले बताउनुभयो।

### संयुक्त राष्ट्रसङ्घीय अधिकार परिषदद्वारा इजरायललाई हतियार बिक्री रोक्न आग्रह

जेनेभा, २३ चैत (रासस/एएफपी)।

संयुक्त राष्ट्र मानव अधिकार परिषदले शुक्रबार इजरायललाई हतियार बिक्रीमा रोक लगाउन माग गर्ने विषयमा बहस गरिरहेको थियो। निर्वाद हतियार खरिद विक्रीको परिणाम स्वरुप भएको गाजा युद्धले ३३ हजारभन्दा बढी प्यालेष्टिनीको ज्यान लिएको छ। मारिनेमा अधिकांश सर्वसाधारण नागरिक परेका छन्। आग्रह स्वीकृत भएमा संयुक्त राष्ट्रसङ्घको शीर्ष अधिकारीक निकायले घेराबन्दी गरिएको प्यालेस्टिनी क्षेत्रलाई रक्तपातपूर्ण युद्धको स्थितिलाई रोक्न सफल हुनेछ। मस्यौदाले सम्बन्धित देशहरुलाई इजरायलमा हतियार, तथा अन्य सैन्य उपकरणहरूको बिक्री, हस्तान्तरण रोक्न आह्वान गरेको छ।

मस्यौदाको आवश्यकता अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लङ्घन रोक्नको लागि महत्वपुर्ण रहेको परिषद्ले जनाएको छ। मस्यौदाले अन्तर्राष्ट्रिय न्यायिक अदालतले जनवरीमा गाजामा 'नरसंहारको सम्भावित जोखिमको फैसला गरेको' कुरामा जोड दिन्छ। अल्बानिया बाहेकका इस्लामिक सहयोग सङ्गठन (ओआईसी) का सदस्यको तर्फबाट पाकिस्तानले अगाडि सारेको मस्यौदा प्रस्तावमा तत्काल युद्धविराम तथा आपतकालीन मानवीय पहुँच र सहयोगका लागि आह्वान गरिएको छ। गत हप्ता संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले पनि युद्धविरामको आह्वान गर्ने प्रस्ताव पारित गरेपछि यस्तो आग्रह आएको हो। तर, युद्धविरामको मागले युद्ध ग्रस्त भूमिमा कुनै असर पारेको छैन।

अधिकार परिषद्को मस्यौदा प्रस्तावमा इजरायली सर्वसाधारण बसोबास गर्ने क्षेत्रमा रकेट प्रहार गरेकोमा यसको निन्दा गर्दै बाँकी सबै अक्टोबर ७ को आक्रमणमा कब्जामा लिइएका बन्धकहरूको तत्काल रिहाइको माग गर्दछ। प्यालेस्टिनी क्षेत्रहरूमा इजरायली नियन्त्रण समाप्त गरी गाजा पट्टीमा नाकाबन्दीलगायतका कार्य तुरुन्तै हटाउन माग गरेको छ। मस्यौदाले नरसंहारका धेरै सन्दर्भहरू हटाउदै यस विषयमा गम्भीर चिन्ता जारी राखेको छ। जसले गाजाभित्र र बाहिर प्यालेस्टिनीहरूको निरन्तर जबरजस्ती स्थानान्तरण रोक्न आग्रह गर्दछ।

मस्यौदा प्रस्तावले गाजामा युद्धको विधिका रूपमा नागरिकहरूलाई भोकमरीको बाध्यतामा पारेको भन्दै यसको निन्दा गरेको छ। जहाँ संयुक्त राष्ट्र सङ्घले गाजामा चरम अनिकाल व्याप्त भइसकेको बताउँदै जानाजानी खाना, पानी, बिजुली, इन्धन र दूरसञ्चारलगायत नागरिकहरूको अस्तित्वका लागि बाधा पारी आधारभूत आवश्यक वस्तुहरूबाट वञ्चित गरिएकोमा यसको विरोध गरेको छ।

### टिकटकद्वारा केन्याली नागरिकलाई डिजिटल सुरक्षा प्रशिक्षण कार्यक्रम

नैरोबी, २३ चैत (रासस/सिन्ह्वा)।

विश्वमा प्रसिद्ध एप टिकटकले केन्याको सूचना र सञ्चार प्रविधि परामर्श फर्म र 'इभमिनेट कम्युनिकेसन्स सोलुसन लिमिटेडसँग' संयुक्त रूपमा सञ्चालन गरेको डिजिटल सुरक्षा प्रशिक्षणले एक लाख १६ हजार केन्यालीहरूलाई सशक्त बनाएको बताएको छ। अफ्रिकाका लागि सरकारी र सार्वजनिक नीति निर्देशक फर्च्युन जिविलि सिवान्दाले यस तालिममा केन्याका विद्यार्थी, अभिभावक र शिक्षक लगायत मानिसको सहभागी रहेको जानकारी गराएको छ। केन्याको सुरक्षाप्रति हाम्रो प्रतिबद्धता रहेको र यसले डिजिटल सुरक्षामा राष्ट्रव्यापी पहुँच सुनिश्चित गर्न लक्ष्य राखेका विज्ञप्तिमार्फत उहाँले भन्नुभयो।

यस अभियान मार्फत विभिन्न सरोकारवालालाई बोर्डमा ल्याउन उत्सुक रहको र यसले गर्दा विश्वव्यापी युवा परिषद् गठन गरेर युवाहरूको आवाजलाई प्राथमिकता दिन्छ। भमिनेन्टका प्रमुख कार्यकारी अधिकृत भेलिन क्यासिनाले टिकटकसँगको साझेदारीले समुदायको लागि विश्वास, आनन्द र डिजिटल इकोसिस्टम तर्फ उन्मुख गर्न खोजेको बताउनुभयो। कसिनाले परिवार र प्रमुख सरोकारवालालाई सशक्तिकरण गरेर, युवाका लागि अनलाइन स्पेसको जानकारी दिएको बताउनुभयो।

# निजामती ऐनमा दलित महिलाका लागि आरक्षणको माग

काठमाडौँ, २३ चैत (रासस) ।

संसद्मा विचाराधीन निजामती सेवा विधेयक समावेशी सिद्धान्तबमोजिम हुनुपर्नेमा सिमान्तकृत समुदायले माग गरेका छन् ।

दलित महिला सङ्घ(फोडो)ले शुक्रबार यहाँ आयोजना गरेको 'प्रस्तावित सङ्घीय निजामती सेवा ऐन तथा एकीकृत निर्वाचन मस्यौदा विधेयकका विषयमा परामर्श' छलफलमा दलित समुदायले समावेशीको मुद्दा उठाएका हुन् ।

सो छलफलमा दलित समुदायका सांसद, अधिकारकर्मी, निजामती कर्मचारीलगायतले छलफल भाग लिएका थिए । युवा तथा खेलकुद मन्त्रालयका शाखा अधिकृत मेघराज शङ्करले सम्बन्धित विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

उहाँले दलित समुदायका सांसदलाई सिमान्तकृत समुदायको सहभागितामा कतै पनि नचुक्न आग्रह गर्नुभयो । "दलित समुदायका सांसदले दलितको आरक्षण विरोधी केही गतिविधि भए विरोध गर्नुपर्छ", उहाँले भन्नुभयो, "संविधानको मर्मअनुरुप निजामती सेवाको माग राख्नुपर्छ ।"

हालको निजामती विधेयकको प्रस्तावित मस्यौदामा महिला आरक्षणतर्फ खस आर्य २७ प्रतिशत, आदिवासी जनजाति २५ प्रतिशत, मधेसी १५ प्रतिशत, दलित १२ प्रतिशत थारु, छ दशमलव छ प्रतिशत, मुस्लिम चार प्रतिशत र पिछडिएको क्षेत्र चार र अपाङ्गता भएका व्यक्ति चार प्रतिशत गरी कोटा छुटचाइएको छ । यसअघिको ऐनमा महिलाभित्रको आरक्षण छुटचाइएको थिएन ।

दलित महिला सङ्घ(फेडो) की संस्थापक अध्यक्ष एवं अधिकारकर्मी दुर्गा शोवले महिलाभित्र पनि सिमान्तकृत महिलाका लागि निजामतीमा आरक्षण अनिवार्य हुनुपर्ने तर्क राख्नुभएको थियो । "महिलाभित्र पनि असमानता छ", उहाँले भन्नुभयो, "राज्यको नीतिगत तहमा उनीहरूको अधिकार सुनिश्चित गरिनुपर्छ ।"

# नापी कार्यालयले जग्गाधनीको नाममा लगत कायम गर्न ढिलाई गरेको गुनासो

**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत ।**

जग्गाधनीको नाममा लगत कायम गर्न राजविराजस्थित नापी कार्यालयले विभिन्न बहानामा आलटाल गर्ने गरेको जनगुनासो आउन थालेको छ ।

ग्रामिण क्षेत्रका पालिकाहरुमा रहेको गाउँ ब्लकका वासिन्दाहरुले यस्तो गुनासो गरेका हुन् । २००४ सालको नम्बरी, २००६ सालको नापी, ७ नम्बरको फाँटवारी र सोही आधारमा भुमिसुधार तथा मालपोत कार्यालयले लगतको निर्णय गर्दै काटेको रसिदको आधारमा जग्गाधनीको नाममा लगत कायम गर्न निवेदन लिएर पटक/पटक नापी कार्यालय पुग्दा पनि विभिन्न बहानामा फर्काउने गरेको छिन्नमस्ता गाउँपालिका ५ का आनन्द झाले गुनासो पोखे ।

मालपोत कार्यालयले काटे कै रसिदका आधारमा विगतमा समस्या पर्दा उक्त जग्गा बैंक तथा वित्तिय संस्थामा धितो राखी ऋण उठाउने र रजिष्ट्रेशन पास समेत हुदै आएको थियो । तर, हाल आएर नापी कार्यालयले लगत कायम गर्न इन्कार गर्ने गरेकोले आफुहरु समस्यामा परेको तीलाठी कोइलाडी गाउँपालिका ४ का यशवन्त सिंहले गुनासो पोखे ।

ब्लक जग्गाको लगत कायम भएको लगायत अन्य प्रमाणहरु बुझाउँदा पनि हक कायम गर्न नापी कार्यालयले नमान्दा आफुहरु समस्यामा परेको उनको भनाई छ ।

उनले ब्लक लगत कायम भएको प्रमाणका आधारमा हक कायम गर्नु पर्ने माँग गर्दै २०७९ साल चैत्र ३० गते एक पीडितद्वारा सर्वोच्च अदालतमा परेको जग्गा खिचौला घर उठाई मुद्दामा उन कै पक्षमा फैसला आएको नजिर देखाउँदा पनि कार्यालय प्रमुख सुमन किशोर मिश्रले नजिर मान्न पनि तयार नभएको र एउटै जग्गाको दुई जना स्वामित्व कायम रहेको देखाउन खोजेको गुनासो गरे ।

उनले मुलुकी देवानी संहिता २०७४ र मुलुकी देवानी कार्यवीधी संहिता २०७४ को दफा २७९ र उपदफा ५ मा पनि सहमती नलिई अर्काको जग्गामा घर बनाउन नहुने स्पष्ट व्यवस्था रहेको जनाकारी दिए ।

त्यस्तै कसैले पनि स्वामित्वालाको लिखित सहमती नलिई निजको जग्गामा घर बनाउन नपाइने कानुनी व्यवस्था रहे पनि कार्यालय प्रमुखले त्यो कानूनी व्यवस्थालाई पनि मान्न इन्कार गर्दै आएको उनको गुनासो छ ।

ब्लकमा भएको जग्गाको प्रमाणका आधारमा जग्गाको हक कायम गर्न र अनाधिकृत रुपमा घर बनाएर वसेका ब्यक्तीको घर हटाउने सर्वोच्च अदालतको आदेश र नजिर विपरित नापी कार्यालयको गतिवीधि अघि बढेको गाँउब्लकका जग्गाधनीहरुको आरोप छ ।

यसबारे नापी कार्यालयका प्रमुख मिश्रसँग जिज्ञासा राख्दा उनले पछिल्लो समय केही नीति नियम परिवर्तन भएको बताए । उनले गाउँ ब्लकका जग्गामा विभिन्न झमेला देखिएको भन्दै सम्बन्धित व्यक्तीलाई आफुले आ-आफ्नो पालिकाबाट भोग चलनको सिफारिश ल्याउन मात्र भनेको जवाफ दिए । गाँउब्लकको जग्गामा फलानो व्यक्तीको स्वामित्व छ भनी पालिकाबाट प्रमाणित सहितको सिफारिश ल्याउन भनेका छौं, उनले भने ।

# लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा महरा नियुक्त

लुम्बिनी, २३ चैत (रासस) ।

लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्रीमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का संसदीय दलका नेता जोखबहादुर महरा नियुक्त हुनुभएको छ ।

प्रदेशसभामा रहेका पाँच राजनीतिक दलका ४७ र एक स्वतन्त्रसहित ४८ प्रदेशसभा सदस्य समर्थनमा प्रदेश प्रमुख अमिक शेरचनले महरालाई मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको हो ।

प्रदेश प्रमुख शेरचनले नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्रीमा माओवादी केन्द्र संसदीय दलका नेता महरालाई नियुक्त गर्नुभएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता भूमिश्वर ढकालले जारी गर्नुभएको विज्ञप्तिमा जनाइएको छ ।

महरालाई नेकपा (एमाले)का २९, नेकपा (माओवादी केन्द्र)का १०, नागरिक उन्मुक्ति पार्टीका चार, जसपाका तीन, नेकपा (एकीकृत समाजवादी)का एक र एक स्वतन्त्र एक सदस्यको समर्थन छ ।

### *चतराधाममा एकमहिने ...*

छ । नेपालमा प्रथम पिण्डेश्वर कुम्भमेला महोत्सवका रूपमा जगदगुरु देवाचार्यको परिकल्पना र सक्रियतामा २०५९ साल चैत ६ गतेदेखि एक महिनासम्म सञ्चालन भएको थियो । त्यसयता चताराधाममा प्रत्येक छ बर्षमा कुम्भ मेला र १२ वर्षमा महाकुम्भ मेलाको आयोजना हुने गरेको छ ।

यस मेलालाई भव्यताका साथ सम्पन्न गर्न बराहक्षेत्र नगरपालिका सक्रिय रहेको छ । यस धार्मिक मेलाका हरेक क्रियाकलापमा बराहक्षेत्र नपा गम्भीरतापूर्वक लागेको बराहक्षेत्र नगरपालिकाका नगरप्रमुख रमेश कार्कीले जानकारी दिनुभयो ।

मेलाका लागि सरसफाइ, पन्डालको निर्माण, प्रचारप्रसार, विद्युत् तथा सञ्चार सुविधा, शान्तिसुरक्षा तथा विपद् जोखिम न्यूनीकरण तयारीहरू भएका उहाँले जानकारी दिनुभयो । मेला अवधिभर चतरामा मदिरा तथा मासुजन्य पदार्थको बिक्रीवितरण निषेध गरिएको पनि नगरप्रमुख कार्कीले जानकारी दिनुभयो ।

### *तीन बुँदे ...*

रामगमन साहले जानकारी दिए ।

गत चैत्र १८ गते योजना बाँडफाँडको विषयलाई लिएर कार्यालय प्रमुख प्रविण प्रताप अधिकारीमाथी जनमत पार्टीका तर्फबाट प्रदेश सांसद एवं पूर्व मन्त्री समेत रहेका महेश प्रसाद यादवले हातपात र दुर्व्यवहार गरेको भन्दै कर्मचारीहरु कार्यालयको सम्पुर्ण कामकाज ठप्प पारी कार्यालय परिसर मै धर्नामा वसेका थिए ।

सहमतीका लागी बोलाईएको बैठकमा सुरक्षा निकाय, राजनीतिक दल, कर्मचारी संघ संगठन र विभिन्न पालिकाका प्रमुखको सहभागिता रहेको थियो ।

### *सुनसरीका पाँच ...*

सूचनामा शान्ति सुरक्षाको संवेदनशीलतालाई समेत मध्यनजर राखी सम्भावित मानवीय क्षति कम गर्न तथा सम्पत्तिको सुरक्षा गर्न स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम अर्को सूचना नभएसम्मका कर्फ्यू आदेश जारी गरिएको उल्लेख छ ।

स्थानीय समुदायका दुई पक्षबीच झडप भइ तनावपूर्ण स्थिती सृजना भएपछि शान्ति सुरक्षा कायम गर्ने हेतुले सो सूचना जारी गरिएको बताइएको छ ।

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*